# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९

# बुढीनन्दा नगरपालिका
# बाजुरा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्योंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण महानिर्देशनालय

(सुदूरपश्चिम प्रदेश)


पत्र संख्याः २०७८।७९

च.नं. ३९५ मितिः२०७९।३।१९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,

बुढीनन्दा नगरपालिका,

बाजुरा ।

कैफियत सहितको राय

हामीले बुढीनन्दा नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रू. ३ करोड २४ लाख ८५ हजार बेरुजु देखिएको छ। सोमध्ये मिति २०७८।८।६ मा प्राप्त प्रतिक्रियाबाट रु.१३ लाख ८ हजार फर्स्यौट भई असुल गर्नुपर्ने रु.५ लाख ९४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२१ लाख ३३ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ८४ लाख ४८ हजार बाँकी बेरुजु रहेको छ । पालिकाको गत वर्षसम्म रु.११ करोड ९१ लाख ९७ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.१३ करोड ९८ लाख ९१ हजार रहेको छ । यस पालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।

२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको,कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)

नायब महालेखापरीक्षक

# बुढीनन्दा नगरपालिका,बाजुरा

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ८१ | २२ | ३२४८५ | ८१ | ३ | १३०८ | ८१ | १८ | ३११७६ | ५९४ | २८४४८ | २१३३ | ० | ० | ३०५८१ | ० |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्यौंट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ११९१९७ | ० | १०४८२ | १०८७१५ | ० | ३११७६ | १३९८९१ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : बुढिनन्दा नगरपालिका, बाजुरा , बुढीनन्द नगरपालिका , बाजुरा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | शेर बहादुर बुढा | २०७७-७-१६ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | रामदत्त न्यौपाने | २०७७-४-१ | |
| लेखा प्रमुख | विश्वेश्वर प्रसाद ढकाल | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | ३१,१७६,७५८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २,२५,६३,८९५.५६ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३४,८५,३३,८१० | **चालु खर्च** | २३,६९,४१,४७९.२८ |
| **प्रदेश सरकारबाट अनुदान** | २,८७,५८,००० | **पूँजीगत खर्च** | १६,३८,९३,१२५.५२ |
| **राजश्व बाँडफाँट** | ६,३९,७२,८२२.७८ | **वित्तीय/अन्य व्यवस्था** | ११,८७,३२,१८२.४८ |
| **आन्तरिक आय** | २६,७१,०९१ | | |
| **अन्य आय** | १०,३६,८२,३०४.८३ | | |
| **कुल आय** | ५४,७६,१८,०२८.६१ | **कुल खर्च** | ५१,९५,६६,७८७.२८ |
| **बाँकी मौज्दात** | | ५,०६,१५,१३६.८९ | |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति 2078/6/12 मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :<br>**लेखापरीक्षणको क्रममा असूली:** सामाजिक सुरक्षाको बढि भुक्तानी भएको रु. ९०००।, सामाजिक सुरक्षा दिन नमिल्ने भुक्तानी रु.१२,०००।-, सामाजिक सुरक्षा वापत निकासा फिर्ता गर्न वाँकी रहेको रकम रु. १५,८४,८४७। र कार्यपालिकाको बैठकको भत्ता रु.16,100/- समेत जम्मा रु. 16,21,947। लेखापरीक्षणको क्रममा संघीय तथा स्थानीय संचित कोषमा दाखिला भएको छ ।<br>**वित्तीय विवरणः**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।<br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन् । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २ | | | **बैंक हिसाब मिलानः**<br>स्थानीय तह सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार गरेको छ । | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | विविध खर्च खाता | ५३२७०२.५० | ५३२७०२.५० | ० |
| २ | स्थानीय तह धरौटी खाता | ३९५०९३९.८७ | ३९५०९३९.८७ | ० |
| ३ | स्थानीय तह सञ्चित कोष | ४२९९१३७९.९१ | ४२९९१३७९.९१ | ० |
| ४ | स्थानीय तह विविध कोष खाता | १९२२६०९.७९ | १९२२६०९.७९ | ० |
| ५ | स्थानीय तह आकस्मिक कोष खाता | १००००० | १००००० | ० |
| ६ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १११७५०४.८२ | १११७५०४.८२ | ० |
| जम्मा | | ५०६१५१३६.८९ | ५०६१५१३६.८९ | ० |

३

**आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाइएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन् ।

• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची 14 वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाइयो।

• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन ।

• मुल्य अभिवृद्धि कर नियमावली २053 को नियम 6 क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 खरिद अनुसार गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।

| | | | | |
|---|---|---|---|---|
| | | | • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन।<br>• वातावरण संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार नगरेको ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको २९ जनाको दरबन्दी रहेकोमा ७ जनाको पदपूर्ति भई २२ जनाको पदपूर्ति नभई रिक्त रहेको पाइयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।<br>• निजामती सेवा ऐन, 2049 वमोजिम कार्य विवरण बनाई लागू गरेको पाइएन ।<br>• इन्धनको सवारी लगबुक राखेको पाइएन ।<br>• मर्मत सम्भार अभिलेख किताब खडा गरेको पाइएन ।<br>• भ्रमण अभिलेख किताब व्यवस्थित रुपमा राखेको पाइएन ।<br>• रसिद नियन्त्रण खाता राखेको पाइएन ।<br>• निजामती सेवा ऐन, 2049 को दफा 7 (ख) (2) बमोजिम तलबी प्रतिवेदन पारीत गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलबी प्रतिवेदन पारीत नगरी रु1,68,84,967.71 तलब खर्च लेखेको पाइयो । तलबी प्रतिवेदन पारीत नहुँदा ग्रेड समेत यकीन हुन सकेन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकीन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ । तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४ | | | **सम्पत्ति हस्तान्तरण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु जिम्मेवारी सारेको पाइएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नु पर्दछ । | |
| ५ | | | **बजेट तथा कार्यक्रमः** | |

**बजेट पेश, पारित र अख्तियारीः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री सृष्टि रेग्मीले मिति २०७७।३।१३ गते रु. 39 करोड 24 लाख 64 हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।३।१३ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७७।३।14 मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

६ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन् । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सो को पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

७ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ (१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपुरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपुरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

८ **चौमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| क्र.सं. | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| १ | चालु खर्चतर्फ | **239158** | **64616** | **50247** | **124295** | **66923** |
| २ | पूँजिगत खर्चतर्फ | **163893** | **1667** | **14630** | **147594** | **115246** |
| | जम्मा | **403051** | **66283** | **64877** | **271889** | **182169** |
| | प्रतिशत | **100** | **16.46** | **16.09** | **67.45** | **45.20** |

| | | | | |
|---|---|---|---|---|
| | | | पालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु. ४० करोड ३० लाख ५१ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु. ६ करोड ६२ लाख ८३ हजार अर्थात् १६.४६ प्रतिशत, दोश्रो चौमासिकमा रु. ६ करोड ४८ लाख ७७ हजार अर्थात् १६.०९ प्रतिशत र तेश्रो चौमासिकमा रु. २७ करोड १८ लाख ८९ हजार अर्थात् ६७.४५ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. १८ करोड २१ लाख ६९ हजार अर्थात् ४५.२० प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनु पर्दछ । | |
| ९ | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७/७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।<br>(तालिका तल)<br>उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी 54.79 प्रतिशत र वित्तीय व्यवस्थापन र सुशासन क्षेत्रमा सबै भन्दा घटीमा 3.55 प्रतिशत रहेको छ । | |
| १० | | | **खर्च बिश्लेषणः**<br>पालिकाले यस बर्ष कुल आन्तिरक आयबाट रु. २६७१०००, राजस्व बाँडफाँड र अनुदानबाट रु. ३०१३१३००० समेत रु. ३०३९८४००० आम्दानी भएकोमा चालुतर्फ रु. २३९१५८९८१.२७- र पूँजिगततर्फ रु. १६३८९३१२५.५२ समेत रु. ४०३०५२१०६.७९ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.८८ प्रतिशत मात्र रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ९८८५५०० खर्च भएको छ जुन आन्तरिक आयको ३७० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४१.९४ प्रतिशत चालु र २८.७४ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माणमा परिचालन गरिनु पर्दछ । | |
| ११ | | | **लक्ष्य प्रगति**<br>कार्यालयले चौमासिक र बार्षिक स्तरको प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ । | |

| **मुख्यक्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | ५६१०८९६० | ३९०१५४६४.७२ | ९.६८ |
| सामाजिक क्षेत्र | २४३९५७७५० | २२०८४५८७७.११ | ५४.७९ |
| पूर्वाधार विकास क्षेत्र | ७३६७१००० | ४९३८७४८४.९१ | १२.२५ |
| वित्तीय व्यवस्थापन र सुशासन | १६६५०००० | १४३१६५४१.९९ | ३.५५ |
| कार्यसञ्चालन तथा प्रशासनिक खर्च | ९८४१३८२३.९८ | ७९४८६७३८.०६ | १९.७२ |
| **जम्मा** | ४८८८०१५३३.९८ | ४०३०५२१०६.७९ | |

| कार्यक्रम/योजन सङ्ख्या | कुल कार्यक्रम खर्च रु. | वार्षिक प्रगति स्थिति (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| 464 | 403052 | 71 | 7 | 8 | 26 |

| | | | | |
|---|---|---|---|---|
| | | | ७५ प्रतिशत भन्दा कम प्रगति हुनाको कारणः कोभिड लगाएतका अन्य विविध कारणले खर्च हुन नसकेको नगरपालिकाले जनाएको छ । | |
| १२ | | | **संगठन तथा कर्मचारी व्यवस्थापनः**<br>**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २९ जनाको कर्मचारिको दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित ७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २२ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ, रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ। | |
| १३ | | | **कर्मचारी करारः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले ९६ जना कर्मचारीहरु बिभिन्न पदका करारमा राखि रु. 3,45,59,920/- खर्च लेखेको छ। त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न करार नियुक्ति गरी बर्षभरीमा रु. 89,28,060/- भुक्तानी गरेको अनियमित देखिएको रु. | ८,९२८,०६० |
| १४ | | | **कल्याण कोषः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले साविक स्थानीय निकायबाट समायोजन भई आएका कर्मचारीहरुको हकमा मात्र १० प्रतिशत रकम कट्टी गरी कल्याण कोषमा रकम जम्मा गरेको छ । स्थानीय तहमा कार्यरत सबै कर्मचारीहरुको कल्याणकोष स्थापना गरिनुपर्दछ । | |
| १५ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १६ | | | **वडा सचिवको पदपूर्ति**<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । | |

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| 10 | 10 | 02 | 08 |

यसरी रिक्त वडा सचिवको दरबन्दी यथासिघ्र पदपूर्ति गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउनु पर्दछ ।

१७

**सेवा प्रवाहको स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था पालिकाले २ वटा ऐन, २ वटा नियमावली, ७ कार्यविधि लगायत १४ वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ :

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | 0 |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | 1118 |
| मृत्युदर्ता | 160 |
| बसाईसराई दर्ता | 84 |
| विवाह दर्ता | 173 |
| सम्बन्धविच्छेद दर्ता | २ |
| **पूर्वाधार विकास सडक निर्माण** | ५ |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ० |
| ग्राभेल सडक मर्मत | ० |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा प्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | | | **योजना छनौट र कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७७÷७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले सञ्चालन गरेको पाइएन । पालिकाले यस वर्ष सञ्चालन गरेका योजना देहाय अनुसार छन् ।<br><br>रु. १ लाख सम्म: 73; रु. १ लाख देखि २ लाखसम्म: 55; रु. २ लाखदेखि ५ लाखसम्मका: 64; रु. ५लाख देखि १० लाखसम्मका: 13; रु. १०-50 लाख सम्म: 11; रु. 50 लाख भन्दा बढी: 2; जम्मा: 218<br><br>उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष जम्मा २१८ वटा योजना सञ्चालन गरेकोमा रु. १ लाख भन्दा मुनिका मात्र ७३ अर्थात ३३.४८ प्रतिशत योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु सञ्चालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृतीका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्थातर्फ ध्यान दिनु पर्दछ । | | |
| १९ | | | **कानून निर्माण एवं कार्यान्वयनः**<br>**कानून र सञ्चालन स्थितिः** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकामा हालसम्म २ वटा ऐन, २ वटा नियमावली, ७ कार्यविधि लगायत १४ वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ । नगरपालिकालाई आवश्यक पर्ने कानून तर्जुमा गरी कार्यान्वयन गरिनु पर्दछ । | | |
| २० | | | **न्यायीक समितिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नरहेको र यो बर्ष थप भएको १८ विवाद दर्ता भएकोमा पूरै फछ्र्यौट भई न्याय सम्पादन प्रक्रियामा प्रभावकारिता ल्याएको छ । | | |
| २१ | | | **आन्तरिक लेखापरीक्षणः**<br>स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । नगरपालिकाले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन् । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । नगरपालिकाले यस वर्षको अन्तर सरकारी अख्तियारी भएका आर्थिक कारोबार ब.उ.शि.नं. 33650114, 336001023, 365001043 र 314010123 को मात्र कोष तथा लेखा नियन्त्रकको | | |

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यालयबाट आन्तरीक लेखा परीक्षण गराएको छ । वित्तिय समानिकरण अनुदान, शसर्त अनुदान, राजस्व बाँडफाँड र आन्तरीक आयबाट भएका आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| २२ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ मा निर्माण कार्यको लागत अनुमान गर्ने ढाँचा तय गरेको छ । जस अनुसार कुल प्रत्यक्ष लागतको ४ प्रतिशत सानातिना खर्च तथा वर्क चार्ज स्टाफ खर्च कायम गरी कन्टिन्जेन्सी खर्चको रुपमा लागत अनुमान कायम गर्नु पर्ने व्यवस्था छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट 4 प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । पालिकाले आ.व २०७७/७८ मा कन्टीन्जेन्सीको लागत अनुमान रु. ३३३८००० रहेकोमा रु. 1930००० खर्च गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन् । | |
| २३ | | | **पदाधिकारी सुविधाः**<br>**स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. 9885500 सुविधा बापत भुक्तानी भएको छ । | |

| विवरण | प्रमख | उपप्रमुख | वडाअध्यक्ष जना १० | कार्यपालिका सदस्य ८ जना | सभाका सदस्य ३३जना | जम्मा ५३ |
|---|---|---|---|---|---|---|
| बैठक भत्ता | 12000 | 12000 | 120000 | 96000 | 33000 | 273000 |
| यातायात खर्च | 0 | 00 | 0 | 0 | 0 | 0 |
| टेलिफोन,मोबाइल | 84000 | 72000 | 480000 | 336000 | 792000 | 1764000 |
| पुस्तक,पत्रीका, ईन्टरनेट | 78000 | 60000 | 480000 | 336000 | 792000 | 1746000 |
| समन्वय तथा सहजीकरण | 120000 | 108000 | 780000 | 576000 | 1584000 | 3168000 |
| अतिथि सत्कार | 132000 | 120000 | 1080000 | 0 | 0 | 1332000 |
| खानेपानी/बिजुली/ सरसफाई | 48000 | 42000 | 300000 | 240000 | 396000 | 1026000 |
| चाडपर्व खर्च | 27500 | 25000 | 180000 | 80000 | 264000 | 576500 |
| **जम्मा** | **489500** | **427000** | **3300000** | **1568000** | **3861000** | **9885500** |

| | | | | |
|---|---|---|---|---|
| २४ | | | **खाना तथा विविध खर्चः** | |

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. 19,82,889/- खर्च गरेको छ । औचित्यको आधारमा मात्र खर्च गरिनु पर्दछ । | |
| २५ | | | **आर्थिक सहायताः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु. 16,84,000/- आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता वितरणमा कार्यविधि समेत तयार गरेको छैन । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ। | |
| २६ | | | **अनुदान फिर्ता, वितरण र उपयोगः**<br>**अनुदान फिर्ताः** – संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहाय बमोजिमको अनुदान खर्च भई बाँकी रहेको फिर्ता गरेको छ । | |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | 226133810 | 204060599.32 | 24473210.68 | 00.00 |
| | विषेश | 10000000 | 9999968.27 | 31.73 | 00.00 |
| | समपुरक | 4000000 | 3304293.50 | 695706.5 | 00.00 |
| प्रदेश सरकार | शसर्त | 3510000 | 3510000.00 | 00.00 | 00.00 |
| | विषेश | 4300000 | 3299965.54 | 1000034.46 | 00.00 |
| | समपुरक | 14061000 | 12907007.05 | 1153992.95 | 00.00 |
| | अन्य | | | | |
| जम्मा | | २६२००४८१० | २३७०८१८३३.७ | २७३२२९७६.३ | 00.00 |

| | | | | |
|---|---|---|---|---|
| २७ | | | **ठेक्का व्यबस्थापनः**<br>सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । नगरपालिकाबाट संचालित योजनाको निर्माण कार्य सोझै खरिद, सिलबन्दी दरभाउपत्र, बोलपत्र तथा तेश्रो चौमासिकमा व्यवस्था भएको ठेक्का सम्बन्धि विवरण माग भएकोमा नगरपालिकाले पेश गरेको देखिएन । | |
| २८ | | | **सवारी साधन खरिदः** | |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाइने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ७ थान दुई पांग्रे सवारी साधन मोटरसाइकल खरिद गरी रु. १९५००८८ बजेट खर्च गरेको छ ।

| सि.नं | सवारी साधन | संख्या | रकम |
|---|---|---|---|
| १ | मोटरसाइकल | ७ | 1950088 |

२९

**कर दस्तुर एवं आन्तरिक आयः**

**आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर बापत अनुमानित रु.15 लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७।०७८ रु. २६७१००० अर्थात् अनुमान भन्दा 178.86 प्रतिशत बढी मात्र आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

३०

**आन्तरिक आयः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७७/७८ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च(रु.हजारमा) | आन्तरिक आय(रु.हजारमा) | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| 301313 | 2671 | 0.88 |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा०.८८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३१

**कर तथा शुल्क असुलीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असूली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असूली | असूली प्रतिशत |
|---|---|---|---|
| घर बहाल कर | 200000 | 235881 | 117.94 |
| सिफारिश दस्तुर | 200000 | 58662 | 29.33 |
| नाता प्रमाणित दस्तुर | 150000 | 1150 | 0.77 |
| अन्य दस्तुर | 200000 | 2075143 | 1037.57 |
| अन्य कर | 450000 | 191950 | 42.65 |
| प्रशासनिक दण्ड, जरिवाना जफत | 300000 | 108350 | 36.12 |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लेखित असूली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ, आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

३२

**राजश्व अभिलेख**

पालिकाले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन। अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन। पालिकाबाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ। यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ। यसको सम्बन्धमा तहाँ पालिकाबाटै छानविन गर्नुपर्दछ। अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनु पर्ने देखियो।

३३

**राजश्व दाखिला**

आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ। साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। पालिका अन्तर्गत १० वटा वडाबाट प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन्। यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असूल गर्नुपर्ने देखिन्छ। कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ।

३४

**व्यवसाय करः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कुनै कर उठाएको देखिएन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

३५

**उपभोक्ता समिति मार्फत कार्यः**



https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| | | | **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ३६ | | | **लागत सहभागिता**<br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन्। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ३७ | | | **हेभी इक्विपमेण्टको प्रयोगः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाईएको छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन : | |

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| 11-2078/3/24 | पोखरे बडिमालिका पर्यटकिय सडक | सडक खन्ने | 3360000 | व्याक हो लोडर | 2771561 |
| 2-2078/1/12 | पोखरे पादुका सडक निर्माण | ट्र्याक खन्ने | 1920000 | स्काभेटर | 1819300 |
| | जम्मा | | | | ४५९०८६१.० |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| ३८ | | | **शिक्षक दरबन्दी र पदपूर्तिः**<br>**शिक्षक दरबन्दी र पदपूर्तिः**- स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत बिभिन्न तहका 30 वटा सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| qm=;= | ljBfnosf] gfd | lzIfs b/aGbL hDdf | kbk"lt{ | kbk"lt{ dWo] s/f/ | | ljBfyL{ ;+Vof | s}lkmot |
|---|---|---|---|---|---|---|---|
| | | | | s/f/ | /fxt | | |
| != | >L hg k\|sfz df=la= | @) | @) | ^ | – | !$#) | |
| @= | >L afw' df=la= | ( | ( | – | $ | #^# | |
| #= | >L gGb]Zj/L df=la= | & | & | – | @ | !&% | |
| $= | >L ;To df=la= | !# | !@ | – | $ | ^*& | |
| %= | >L b]j8f8+ df=la= | & | & | ! | – | @^% | |
| ^= | >L rGbgfy cf=la= | % | % | – | # | !)! | |
| &= | >L k~rnIdL cf=la= | % | % | – | ! | !$$ | |
| *= | >L afu]Zj/L cf=la= | % | % | – | ! | !^( | |
| (= | >L efjgf cf=la= | @ | ! | – | – | @#$ | ! b/aGbL l/Qm |
| !)= | >L hg ljsfz cf=la= | # | # | ! | – | !&@ | |
| !!= | >L ;To nIdL cf=la= | # | # | – | ! | *^ | |
| !@= | >L a'9LgGbf cf=la=3f]8fsf]6 | @ | @ | – | – | !!# | |
| !#= | >L dbg cfl>t cf=la= | @ | @ | ! | – | &! | |
| !$= | >L sflnsf cf=la=e'n]gf | $ | $ | – | – | ($ | |
| !%= | >L u+uf cf=la= | ! | ! | – | – | @# | |
| !^= | >L sflnsf cf=la=lkkn8fln | # | # | – | ! | ^% | |
| !&= | >L ejfgL cf=la=d6]nf | ! | ! | ! | – | @% | |
| !*= | >L 36fn cf=la= | $ | # | – | ! | $% | ! b/aGbL l/Qm |
| !(= | >L lxdfln cf=la= | $ | # | – | ! | $#* | ! b/aGbL l/Qm |
| @)= | >L s}nfz cf=la=kf08';}g | % | % | – | # | !(* | |
| @!= | >L vfk/ cf=la= | # | # | – | ! | !&@ | |
| @@= | >L ;fu/f cf=la= | ! | ! | ! | – | !!) | |
| @#= | >L s}nfz cf=la=sfn]uf8 | @ | @ | ! | – | *( | |
| @$= | >L l;WoZj/L cf=la | # | # | ! | ! | (# | |
| @%= | >L kf08j cf=la= | @ | @ | ! | – | !$( | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| @^= | >L Clifb]j cf=la= | ! | ! | – | – | $) | cg'bfg sf]6f |
| @&= | >L al8dflnsf cf=la= | $ | $ | – | @ | (& | |
| @*= | >L di6f cf=la= | ! | ! | – | – | ^# | |
| @(= | >L kz'klt cf=la= | $ | $ | – | @ | !)& | |
| #)= | >L a'9LgGbf cf=la=Po/kf]6{ | $ | $ | – | @ | !$( | |
| | | १२९ | १२५ | १४ | ३० | ^^^! | |

जम्मा ३० वटा विद्यालयमा शिक्षकको दरबन्दी १२९ वटा रहेकोमा १२५ वटा पदपूर्ति भई ४ बाँकी रहेको छ ।पदपूर्तिमध्ये १४ जना करार र ३० जना राहतका शिक्षक रहेका छन् । यसरी शिक्षक र विद्यार्थीको अनुपात तुलना गर्दा १ जना शिक्षक बराबर ५० जना विद्यार्थी रहेका छन्।

३९

**पारिश्रमिक करः**

आयकर ऐन, २०५८ को दफा ४ बमोजिम अनुसूची १ (२) अनुसार बार्षिक आयमा कर गणना गर्दा दम्पत्तिको हकमा (क) रु. ४५०००० सम्म १ प्रतिशत, (ख) रु. ४५०००० देखि रु. ५५०००० सम्म रु. १००००० मा १० प्रतिशत, (ग) रु. ५५०००० देखि रु. ७५०००० सम्म रु. २००००० मा २० प्रतिशत, (घ) रु. ७५०००० देखि रु. २०००००० सम्म रु. १२४५००० मा ३० प्रतिशत र रु. २०००००० भन्दा बढीको आम्दानीमा (घ) बमोजिम लाग्ने करको दरमा थप २० प्रतिशत अतिरिक्त कर लाग्ने व्यवस्था छ । नगरपालिकामा कार्यरत अधिकृत स्तर तथा पारिश्रमिक पुग्ने अन्य कर्मचारीहरुको पारिश्रमिक कर माथि उल्लिखित व्यवस्था अनुसार कर कट्टि नगरेकोले कर कट्टि असूल दाखिला हुनुपर्ने रु.

| **नाम** | **पद** | **जम्माआय** | **ना. ला. कट्टीरु.** | **करनलाग्नेरु.** | **करलाग्नेरु.** | **करकट्टीहुनेरु.** |
|---|---|---|---|---|---|---|
| अशोक प्रसाद खनाल | मे.अ. | १०००००० | ३२५००० | ४५०००० | २२५००० | ३५००० |

३५,०००

४०

**सामाग्री खरिदः**

१७४।२०७८।३।२४, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) (ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी पाँच लाख रुपैयाँ भन्दा बढी रकमको एकै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नसकिने उल्लेख छ । पालिकाले शैक्षिक गुणस्तर सुदृढीकरण तथा पहुँच कार्यक्रम अन्तर्गत न्यू रासी ग्रील उद्योग (६०१५४६००६) बाट डेस्क बेन्च तयारीको लागि रु. ९९३१५७ बराबरको सामाग्री खरिद गरेको पाइयो । नियमावलीको व्यवस्था विपरीतको कार्य नियम सम्मत नभएको रु.

९९३,१५७

४१

**शिक्षक तलबी प्रतिवेदन:**

पालिकामा कार्यरत स्थायी दरबन्दीका शिक्षकहरुको शिक्षक किताबखानाबाट तलबी प्रतिवेदन पारीत गराएर मात्र तलब खर्च लेख्नुपर्नेमा तलबी प्रतिवेदन पारीत नगराई विद्यालयलाई शिक्षकहरुको तलब भत्ता समेत रु. ७९८०८७२९.६ निकासा दिएको छ । तलबी प्रतिवेदन पारीत नगराई तलब भत्ता निकासा गरेकोले ग्रेड रकम भिडान गर्न सकिएन । अतः तलबी प्रतिवेदन पारीत गराएर मात्र तलब निकासा दिनु पर्दछ ।

४२

**शिक्षकको निकासाः**

यस वर्ष शिक्षातर्फ ३० सामूदायिक विद्यालयलाई प्रथम किस्ता रु. २१०३७७१९, दोस्रो किस्ता रु. १६६८७१३२, तेस्रो किस्ता रु. १८८०३१५२ र अन्तिम किस्ता रु. २३२८०७२६.६० समेत रु. ७९८०८७२९.६ तलब खर्च निकासा गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्:

| | | | | |
|---|---|---|---|---|
| ४३ | | | **शिक्षक अभिलेखः**<br>पालिकाले यस अन्तरगत रहेका विद्यालयहरुको स्वीकृत दरबन्दी (राहत, करार समेत) विद्यालयमा शिक्षक पदपूर्तीको अवस्था, सरुवाको विवरण, अवकाश विवरण तयार नगरेकोले निकासा भएको रकम वास्तविक भए/नभएको भिडान गर्न सकिएन । कार्यालयले विद्यालयबाट पेश गरेको माग फारामलाई मात्र आधार लिइ तलब निकासा दिएको देखिएको हुँदा शिक्षक सरुवा, अवकाश भए पश्चात पनि रकम निकासा नभएको भनि भिडान गर्न नसकिएको हुँदा अभिलेख तयार गरी खर्चलाई प्रभावकारी बनाउनु पर्दछ । | |
| ४४ | | | **शिक्षकको ग्रेड बढी निकासाः**<br>शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आवश्यकता भन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारवाही गरी बढी निकासा भएको रकम असूल उपर गरिने व्यवस्था छ । नगरपालिकाले बाँधु माध्यमिक विद्यालय कौषाडीको शिक्षक श्री नैन बहादुर कार्कीको पाउने भन्दा एक ग्रेड बढि (वार्षिक १३ ग्रेड १२०० को दरले हुने )रु. १५६०० तथा सञ्चय कोष रु. १४४० समेत) रकम निकासा भएकोले असूल गरी दाखिला गर्नुपर्ने रु. | १५,६०० |
| ४५ | | | **बाल विकास सहजकर्ता निकासाः**<br>बाल विकास सहजकर्ता निकासाः कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व. २०७७।७८) बमोजिम प्रारम्भिक बाल विकास सहजकर्ताको पारिश्रमिक निकासा अनुदान दिंदा सम्बन्धित संस्थाले शैक्षिक तथ्याङ्क २०७७ भरी प्रमाणित भएको यकीन गरी भर्ना भएका बालबालिकाको आधारमा अनुदान दिने भनी व्यवस्था रहेको छ । पालिकाले उक्त विवरण पेश नै नगरी वर्षभरी जम्मा रु. १२३२००० अनुदान निकासा भएकोले पालिकाले नियममा उल्लेख भएको व्यवस्था पालना गर्नु पर्दछ। | |
| ४६ | | | **शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) :**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका (आ. व. २०७७।७८) मा EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सो को आधारमा विद्यालयहरुलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रु. ४००। का दरले, शिक्षण सिकाइ सामाग्री तथा Book Corner व्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रु. १५० का दरले, कक्षा ६-10 प्रति विद्यार्थी वार्षिक रु. २००। का दरले, प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रु. 500। का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रु. 200। का दरले, दिवा खाजा बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु. 15। का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ । कार्यालयले EMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग मिलान गरी विवरण दिएको देखिदैंन । जसले गर्दा वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा गएको एकीन गर्ने आधार भएन। कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम EMIS डाटालाई विद्यार्थी हाजिरी पुस्तिका, परीक्षामा सहभागी सङ्ख्या र अनुगमनबाट विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग भिडान गराई शिक्षा अधिकृतबाट प्रमाणित गरेर मात्र अनुदान निकासा दिनु पर्दछ । | |
| ४७ | | | **निःशुल्क पाठ्यपुस्तकः**<br>पालिकाले निःशुल्क पाठ्यपुस्तक वितरणको लागि ३० विद्यालयलाई गो.भौ.नं. १४०-07८/३/१२ बाट रु. ३५५२६३० बाट अनुदान निकासा गरेको छ । सार्वजनिक विद्यालयमा प्रदान गरिने निःशुल्क पाठ्यपुस्तक समयमा विद्यालयले खरिद गरी विद्यार्थीले प्राप्त गरे नगरेको, विद्यालयले प्रयोग गर्ने पाठ्यसामाग्री पाठ्यक्रम विकास केन्द्रको स्वीकृत सूचि मध्येबाट भए नभएको सम्बन्धमा पालिकाले प्रभावकारी रुपले अनुगमन गर्नु पर्दछ । | |
| ४८ | | | **चाडपर्व बढी निकासाः**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७७।०७८ को ६.७ नं. बमोजिम सामूदायिक सिकाई केन्द्रको सञ्चालन अनुदान भनी सामूदायिक परिचालकलाई रु.६२०० का दरले १२ महिनाको मात्र पारिश्रमिक दिने व्यवस्था छ । तर पालिकाले निम्न बमोजिमको सामूदायिक सिकाई केन्द्रहरुका लागि चाडपर्व खर्च समेत निकासा भएको देखिएकोले बढी निकासा असूल हुनुपर्ने रु. | १८,६०० |

| सामूदायिक सिकाई केन्द्रको नाम | शिक्षकको नाम | चाडपर्व खर्च |
|---|---|---|
| प्रतिक्षा सामूदायिक अध्ययन केन्द्र | सरिता बि.क. | ६२०० |
| प्रगतिशील सामूदायिक अध्ययन केन्द्र | अन्जना शाही | ६२०० |
| दियालो सामूदायिक अध्ययन केन्द्र | निरा बोहरा | ६२०० |
| जम्मा | | १८६०० |

४९ **औषधी खरिदः–**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ को उपनियम १ (क) मा बीस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रिया बेगर निम्नानुसार रु. ५७,१८,६१९/- का औषधी सोभै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः।

| भौ.नं.र मिति | भुक्तानी लिने संस्था | भुक्तानी रु. |
|---|---|---|
| ५।२०७७।७।१४ | कमला इन्टरनेशनल | ५५५४२९। |
| | डिवि मेडिसिन सेन्टर | २४९७३ । |
| १०।२०७७।११।२ | कमला इन्टर नेशनल | १४५०५०। |
| २४६।२०७८।१।२२ | कमला इन्टर नेशनल | ४५२०००। |
| २९१।२०७८।३।६ | कमला इन्टर नेशनल | १२४२२६। |
| | मनिलेक मेडिसिन | ४८८९९९। |
| | ग्लोवल फार्मेसि | ७८६३२९। |
| १४।२०७७।७।१४ | कमला इन्टरनेशनल | १४४५०००। |
| १००।२०७८।३।६ | कृष्ण इन्टरनेशनल | ४४४९०६ । |
| १२०।२०७८।३।२४ | मणिलेक मेडिसिन डिष्टिंव्युटर | १२५१७०७। |
| जम्मा | | ५७१८६१९। |

४९.१ खरिद गरेका उक्त औषधी कुन औषधी कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,

४९.२ आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टिफइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

४९.३ आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

४९.४ औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

४९.५ औषधीको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको । तसर्थ, औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

५० **शिर्षक विपरीत खर्चः** २४८,६००

आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ३५(२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकारीले स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शिर्षकमा रहेर गर्नु पर्दछ र खर्च बाँकी छ भने सो को विचार गरी खर्च गर्ने र खर्च गर्न निकासा दिनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले प्राथमिक स्वास्थ्य सामग्री खरिद गर्नका लागी बजेट उपलब्ध गराएकोमा सफ्टवेयर खरिद गरी भुक्तानी गरेको रु. २४८६०० अनियमित देखिएको रु.

५१ **प्रधानमन्त्री रोजगार कार्यक्रमः–** ७३७,४१२

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकीकरण गरेको छैन । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाइएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक, सिंचाई कुलो निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष 412 जनालाई रोजगारी उपलब्ध गराई रु २,१६,५१,३८६.०८ खर्च गरेको छ । लक्षित वर्गलाई 100 दिन रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना भएको देखिंदैन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्वयन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नु पर्नेमा सो वेगर वजेट खर्च भएको छ ।यस कार्यक्रमका सम्बन्धमा देखिएका थप ब्यहोरा निम्नानुसार छन्
:

**बढी व्ययभारः** सार्वजनिक खरिद नियमावली, 2064 को नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री दरभाउ तथा ज्याला निर्धारण गर्दा तोकिएको दररेटको आधारमा निर्धारण गर्नु पर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा छनौट गरीएका निम्नानुसारका योजनामा नगरपालिकाले तोकेको दर भन्दा बढी दर राखि लागत अनुमान तयार गरी अयोजना लागत बढाई सो लागतलाई 517 ले भाग गरी आउने संख्या अनुसारको डोर हाजिरी तयार गरी निम्नानुसारको भुक्तानी गरेकोले बढी आर्थिक व्ययभार परेको रु.

| क्र.सं. | योजनाको नाम | आईटमको नाम | हुनु पर्ने दर | भुक्तानी गरेको दर | फरक | कामको परिमाण | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| 1 | मुहानदेखि पावर हाउस समन | Stone masonary work 1:4 | 4782.25 | 5252.32 | 470.07 | 50 | 23504 |
| | | Plaster work | 170.61 | 193.61 | 23 | 125 | 2875 |
| 2 | माझकुलो सिचाई मर्मत आयोजना | 20 mm thick cement sand plaster in 1:4 | 170.61 | 17061 | 16890.39 | 40.5 | 684061 |
| 3 | बाटुलसेरा देखि पाण्डुसैन सम्म बाटो निर्माण | Wooden work for flack | 2690.16 | 5687 | 2996.84 | 9 | 26972 |
| | जम्मा | | | | | | 737412 |

५२ **समपुरक योजनाः** ६,४५३,५०३.५३

समपुरक बजेट बाट संचालित योजनामा स्थानीय तहको ५० प्रतिशत लागत सहभागिता हुनु पर्दछ । नगरपालिकाले समपुरक बजेट बाट निम्नानुसारको योजना सञ्चालन गर्दा 50 प्रतिशत लागत सहभागिता गरेको नदेखिएकोले रु. ६४,५३,५०३.५३ कार्यविधिको प्रक्रिया पुरा नगरी भएको खर्च रु.

| क्र.सं. | योजनाको नाम | कुल खर्च | नगरपालिकाले बेहोर्नु पर्ने रकम |
|---|---|---|---|
| 1 | नन्देश्वरी कोटीला लाटोबस्ति साउनेगाउँ सडक( संघीय समपुरक) | 3304293.5 | 1652146.75 |
| 2 | काटेखाना भिडागाँउ कुरु सडक | 6670946.4 | 3335473.2 |
| 3 | लालटिन बजार नाडिखेल्ना देखि दलित टोल हुदै निर्माणाधिन नगरपालिका सम्म सडक निर्माण | 4563783.79 | 2281891.9 |
| 4 | पाण्डव आधारभुत विद्यालय भवन निर्माण | 1672276.86 | 836138.43 |
| | जम्मा | १२९०७००७.०५ | ६४५३५०३.५३ |

५३ **समानीकरण पूँजिगततर्फः**

**परामर्श सेवाः–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहाय अनुसारका परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु. ७५८६९०० खर्च लेखेका छन्। नगरपालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पूँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन ।

५४ **डीपीआर खर्चः**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| पादुका धाम मन्दिर, बुढीनन्दा पैदलमार्ग र धर्मशालाको विस्तृत अध्ययन | रेक्टर इन्जिनियरिङ्ग कन्सन प्रा.लि. | 500000 | ४९४९९६.50 | 63810766.19 |
| दश सैया अस्पताल निर्माण तथा माटो परिक्षण विस्तृत अध्ययन | कर्मा कन्सल्ट प्रा.लि. | 1497869.85 | 1462751.56 | 109838480.38 |
| पोरखे वडीमालिका सडक विस्तृत अध्ययन | युनाइटेडनेपालइन्जिनियरिङ्गकन्सल्ट्यान्सीप्रा.लि. | 1500000 | 1457700 | 541536725.40 |
| घोडाकोट कुरु छ्याप्रे सडक विस्तृत अध्ययन | त्रीशुल कन्सल प्रा.ली. | 2000000 | 1976935 | 881759660.36 |
| सिमकुरु सामुदायिक पार्क विस्तृत अध्ययन | दिप्ती विल्डर्स एण्ड कन्सट्रक्सन प्रा.लि. | 699995.45 | 695007 | 118283490.47 |
| ढोर्पेखोला, खुल्मिगाड र कर्णाली नदिको ढुङ्गा, वालुवा र गिट्टी उत्खननका लागि **प्रारम्भिक वातावरणीय परिक्षण(IEE)** | बुढीनन्दा कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ्ग प्रा.ली | 1596385 | 1499510 | 5648300.00 राजश्व प्राप्त हुने |
| जम्मा | | ७७९४२५०.३ | ७५८६९००.०६ | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा नगरपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा नगरपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

५५ **दर्ता नभई मुल्य अभिवृद्धि कर उठाएकोः** ४९४,०११

मुल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १५(१) मा मुल्य अभिवृद्धि करमा दर्ता नभई वीजक जारी गर्न नपाउने उल्लेख छ । नगरपालिकाले गाल्वा निर्माण सेवा प्रा.ली. काठमाडौं ( स्थायी लेखा नं. ६०००६३८९७) लाई मुल्य अभिवृद्धि करमा दर्ता नभई निम्नानुसार रू३७,९७,०००/- भुक्तानी गरेको देखिन्छ । मुल्य अभिवृद्धि करमा दर्ता नभई उठाएको मुल्य अभिवृद्धि कर रू.४,९४,०११/- असूल गर्नु पर्ने रू

| क्र.सं. | भौ.नं. मिति | विजक नं. | मिति | विजक रकम | मु.अ.कर रकम |
|---|---|---|---|---|---|
| 1. | ५१ प्रकोप कोष | ९ | २०७७/८/२५ | ३१५००० | ४०९५० |
| 2. | | ८ | २०७७/८/२५ | १९६००० | २५४८१ |
| 3. | १९-२०७७/६/१६ | २ | २०७७/६/१५ | ३४२००० | ४४४६० |
| 4. | | ३ | २०७७/६/१५ | १९८००० | २५७४० |
| 5. | १०-२०७७/६/६ | १ | २०७७/६/५ | ९९०००० | १२८७०० |
| 6. | २-२०७७/६/१६ पुजिगत | ४ | २०७७/६/१५ | ८१९००० | १०६४७० |
| 7. | | ५ | २०७७/६/१५ | ६५७००० | ८५४१० |
| 8. | २९-२०७७/१०/११ | ११ | २०७७/१०/११ | २८०००० | ३६८०० |
| | जम्मा | | | ३७९७००० | ४९४०११ |

| | | | | |
|---|---|---|---|---|
| ५६ | | | **बेरितको कर विजकः**<br>मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले कुनै वस्तु वा सेवा आपुर्ति गर्दा अनुसुची ५(क) वमोजिमको ढांचामा कर विजक जारी गरी पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार फर्मलाई भुक्तानी गरकोमा सो फर्महरुले जारी गरेको विजकमा निम्नानुसार कैफियत देखिएको मुल्य अभिवृद्धि कर रकम रु. 76,974.3 सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु | ७६,९७४.३ |

| क्र.सं. | भौ.नं. मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | विजक मिति | विजक नं. | विजक रकम | समायोजन गर्नुपर्ने मुअकर कर रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | 5-2077/8/28 | न्यु दिनेश ट्रेडर्स एण्ड सप्लायर्स | 110209443 | - | 5 | 70800 | 9204 | मिति उल्लेख नभएको |
| | 123-2078/1/20 | | | 2077/12/4 | - | 74160 | 9640.8 | |
| | 200-2078/3/20 | | | 2078/3/7 | - | 36000 | 4680 | विजक नं. हातले केरेको |
| | 68-2077/11/26 | सन्तोष ट्रेड एण्ड सप्लायर्स | 301506597 | 2077/11/23 | - | 78500 | 10205 | विजक नं. नभएको |
| | 95-2077/12/1१ प्रकोप | | | 2077/12/5 | - | 199650 | 25954.5 | |
| | ३६-२०७७/७/१३ | | | 2077/5/20 | - | 56000 | 7280 | |
| | | | | 2077/5/26 | - | 77000 | 10010 | |
| | | **जम्मा** | | | | ४५९११० | 76974.3 | |

५७

**नन फाइलरः**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९(१) मा करदाताले प्रत्येक कर अबधिको कर सो अबधी समाप्त भएको मितिले २५ दिन भित्र बुझाउनु पर्ने उल्लेख छ।कार्यालयले निम्नानुसार फर्मलाई भुक्तानी गरकोमा सो फर्महरु नन फाईलर रहेको देखिदा मूल्य अभिवृद्धि कर रकम रु. १२३९४३३.३ सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रुः

१,२३९,४३३.३

| क्र.सं. | भौ.नं. मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | विजक मिति | विजक नं. | कुल भुक्तानी | समायोजन गर्नुपर्ने मुअकर कर रकम | ननफाइलर रहेको मिति |
|---|---|---|---|---|---|---|---|---|
| 1. | 56-2077/11/7 | प्रशंसा निर्माण सेवा एण्ड अर्डर सप्लायर्स | 610639584 | 2077/11/6 | 2 | 514150 | 59150 | 2077/5 |
| 2. | | | | | 3 | 253120 | 29120 | 2077/5 |
| 3. | 72-2077/12/6 | | | 2077/12/6 | 6 | 292670 | 33670 | 2077/5 |
| 4. | 65-2077/11/25 | | | 2077/11/25 | 4 | 450877 | 51870 | 2077/5 |
| 5. | 84-2077/12/8 | | | 2077/11/26 | 5 | 276850 | 31850 | 2077/5 |
| 6. | 127-2078/1/27 | | | 2078/1/26 | 9 | 972930 | 111930 | 2077/5 |
| 7. | 245-2077/3/24 | | | 2078/3/24 | 15 | 446651.9 | 51384.73 | 2077/5 |
| 8. | 255-2077/3/26 | | | 2078/3/24 | 13 | 855710 | 49222.25 | 2077/5 |
| 9. | 254-2077/3/26 | | | 2078/3/24 | 14 | 2589061.65 | 148926.84 | 2077/5 |
| 10. | 106-2077/12/17 | आरभ ट्रेडिङ्ग प्रालि | 606594756 | 2077/9/14 | 27 | 790050 | 102706.5 | 2077/9 |
| 11. | 2-2077/1/12 सडक बोर्ड | प्रशंसा निर्माण सेवा एण्ड अर्डर सप्लायर्स | 610639584 | 2077/12/16 | 8 | 1819300 | 209300 | 2077/5 |
| 12. | 11-2077/3/24 | | | 2078/3/24 | 16 | 3131864.19 | 360302.96 | 2077/5 |
| | जम्मा | | | | | १२३९३२३५ | १२३९४३३.३ | |

५८

**टुक्रा तथा सोझै खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले निम्नानुसारको निर्माण कार्य गर्दा एउटै कामलाई टुक्रा पारी तथा तोकिएको सिमा भन्दा माथिको रकमको काममा समेत सोझै खरिद गरी भुक्तानी गरेको रु. ५८,७७,०६७.६ नियमित गर्नु पर्ने रु.

५,८७७,०६७.६

| क्र.सं. | भौ.नं.मिति | योजनाको नाम | फर्मको नाम | भुक्तानी | यस दफाबाट नियमित गर्नु पर्ने रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| | 2-2077/6/16 | पादुका पोखरे मार्तडी सडक खण्ड | गाल्वा निर्माण सेवा | 925470 | 819000 | शिलबन्दी गर्नु पर्नेमा समेत सोझै |
| | | | | 742410 | | |
| | 56-2077/11/7 | | प्रसंशा निर्माण सेवा ऐण्ड अर्डर सप्लायर्स | 514150 | 455000 | शिलबन्दी गर्नु पर्नेमा समेत सोझै |
| | | | | 282240 | 253120 | टुक्रा पारी खरिदः |
| | 65-2077/11/25 | | | 450870 | 399000 | टुक्रा पारी खरिदः |
| | 127-2078/1/27 | काप्कोट कुरु सडक मर्मत | | 972930 | 861000 | शिलबन्दी गर्नु पर्नेमा समेत सोझै |
| | 245-2078/3/24 | काटेखाना भिडागाउँ कुरु सडक निर्माण | | 446651.9 | 395267.18 | टुक्रा पारी खरिदः |
| | 244-2078/3/24 | | चन्द्रनाथ निर्माण सेवा | 437447.3 | 437447.3 | टुक्रा पारी खरिदः |
| | 242-2078/3/24 | | उषा कन्स्ट्रक्सन | 453265.6 | 453265.6 | टुक्रा पारी खरिदः |
| | 246-2078/3/24 | | गौरब कन्स्ट्रक्सन | 441902.12 | 441902.12 | टुक्रा पारी खरिदः |
| | 49-2078/3/24 शसर्त | नन्देश्वरी कोटिला लाटो वस्ती साउने गाउँ सडक | कैलाश निर्माण सेवा | 451152.5 | 451152.5 | टुक्रा पारी खरिदः |
| | | | शुसिल कन्स्ट्रक्सन | 452537.46 | 452537.46 | टुक्रा पारी खरिदः |
| | | | चन्द्र ईन्जिनियरीङ्ग एण्ड कन्सल्टेन्सी प्रा.ली | 458375.46 | 458375.46 | टुक्रा पारी खरिदः |
| | जम्मा | | | ७०२९४०२ | ५८७७०६७.६ | |

५९ **उपभोक्ता समितिको विल भरपाईः**

सार्वजनिक खरिद नियमावली 2064 को नियम ९७ (६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाईं र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने उल्लेख छ। नगरपालिकाले बड्डी देखि नुरी सडक निर्माण गर्दा रु.612220.24 को कार्य सम्पन्न गरी रु.5 लाख भुक्तानी गर्दा रु. 130418.99 को मात्र विल भरपाई पेश गरेकोले नपुग रु. 481801.25 को विल भरपाई पेश गर्नु पर्ने रु.

**कार्यालयको प्रतिकृया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु ४८१८०१.२५ मिति २०७८/०९/२ मा फछ्यौंट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्साइएको हो ।**

६०

**बीमा नगराएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु. १० लाख भन्दा बढी मुल्यको निर्माण कार्य गराउदा निर्माण व्यवसायीले बीमा गराउनु पर्ने उल्लेख छ । निम्नानुसारको योजना सम्पन्न गर्दा बीमा नियमावलीमा भएको व्यवस्था विपरित बीमा गराएको देखिएन। नियमावली भएको व्यवस्थाको पालना गरीनु पर्दछ ।

| क्र.सं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | लागत अनुमान | भुक्तानी रु. |
|---|---|---|---|---|
| 1 | काटेखाना कुरु सडक निर्माण | प्रसंशा निर्माण सेवा ऐण्ड अर्डर सप्लायर्स | 3001733.5 | 2594062.36 |
| 2 | नन्देश्वरी कोटिला साउने गाँउ सडक | सि.आई.कन्स्ट्रक्सन | 1995969.77 | 964621.43 |
| 3 | कोल्टि बजार ढल निकास | दिनेश निर्माण सेवा तथा अडर सप्लायर्स कन्स्ट्रक्सन | 13315329.77 | 5783507.56 |

६१

**फरक योजनामा खर्चः**

शसर्त अनुदान तोकिएको शर्त तथा कार्यक्रममा मात्र खर्च गरिनु पर्दछ । नगरपालिकाले निम्नानुसार तोकिएको भन्दा फरक काममा खर्च गरी रु. २२८५६६१.१७ भुक्तानी गरेको रकम नियमित गर्नु पर्ने रु.

| क्र.सं. | भौ नं. मिति | तोकिएको योजना | खर्च लेखेको योजना | फर्म | भुक्तानी रु. |
|---|---|---|---|---|---|
| 1 | 50-2078/3/24 | माग र प्रगतीको आधारमा आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण | नन्देश्वरी कोटिला साउने गाउँ सडक मेसिनरी वाल निर्माण | एल वि कन्स्ट्रक्सन | 454829.52 |
| 2 | 15-2078/3/24 | कोल्टिबजार ढल निकास | चुकिरुख रोड हार्ड रक कटिङ्ग | चन्द्र ईन्जिनियरीङ्ग एण्ड कन्सल्टेन्सी प्रा.ली | 450268.84 |
| 3 | 14-2078/3/24 | | एयरपोर्ट जाने बाटो ढलान | दिपसन कन्स्ट्रक्सन | 469813.09 |
| 4 | 13-2078/3/24 | | प्राथमिक स्वास्थ्य केन्द्र जाने बाटो ढलान | दिनेश निर्माण सेवा तथा अडर सप्लायर्स कन्स्ट्रक्सन | 465222.36 |
| 5 | 12-2078/3/24 | | लाल्टिन बजार देखि नगरपालिका जाने बाटो ढलान | चन्द्रनाथ निर्माण सेवा | 445527.36 |
| | जम्मा | | | | २२८५६६१.१७ |

२,२८५,६६१.१७

६२

**कार्य सम्पन्न प्रतिवेदनः-**

| | | | | |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । | |
| ६३ | | | **सार्वजनिक परीक्षणः-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रबर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ। | |
| ६४ | | | **सफ्टवेयर खरिदः-**<br>नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले जिन्सी व्यवस्थापन सम्बन्धी सफ्टवेयर खरिद गरी रु. ९,७२,७०४/- खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्ट्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ । | |
| ६५ | | | **गुणस्तर परीक्षणः-**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने कुनै पनि सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |
| ६६ | | | **समानीकरण चालुतर्फः**<br>**प्रमाण कागजात बेगर भुक्तानीः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७ (२) अनुसार स्वीकृत कार्यक्रम अनुसारको रकम खर्च गर्नुपूर्व खर्चको अख्तियारी दिनेले खर्चको यथेष्ट प्रमाणका आधारमा मात्र खर्चको स्वीकृती दिनुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको भुक्तानीहरु कैफियतमा उल्लिखित प्रमाण बेगर भुक्तानी दिएको देखियो । अतः बजेट खर्च गर्दा खर्चका यथेष्ट प्रमाणका आधारमा मात्र भुक्तानी दिई अनावश्यक खर्च नियन्त्रण गर्नु पर्दछ । | |

| भौ.नं.र मिति | नाम | विवरण | खर्च रकम रु. | कैफियत |
|---|---|---|---|---|
| नगरपालिका, चालु | | | | |
| ४÷०७७।५।३१ | इन्धन तथा मर्मत | इन्धन पदाधिकारी तथा सवारी मर्मत खर्च | १००७०० | सवारी लगबुक तथा मर्मत सम्भार अभिलेख किताब नरहेको । |
| सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रम, चालुः | | | | |
| १३÷०७७।७।१३ | ऋषिदेव प्रा.वि.,पाण्डुसैन | विद्यालयलाई सम्पादनमा आधारित प्रोत्साहन भत्ता | १०००००० | पालिकाको चौमासिक अनुगमन पेश गर्ने सम्झौता भएकोमा सो नभएको । |
| २३÷०७७।७।२६ | | सामाजिक सुरक्षा अभिमूखीकरण कार्यक्रम पञ्जिकरण दर्ता | १७५८४२ | कार्यक्रम कार्य योजना नभएको। |
| ५७÷०७७।१०।११ | | गुनासो सुनुवाई सम्बन्धी अभिमुखीकरण आयोजना तालीम | १००००० | प्रतिवेदन संलग्न नरहेको । |
| ६६÷०७७।११।२ | विभिन्न स्वास्थ्य संस्था | न्यानो झोला | ३५००१७.५० | वितरण गरेको भरपाई पेश नभएको । |
| ६८÷०७७।११।७ | पाण्डुसैन स्वास्थ्य चौकी | मातृ शिशु कार्यक्रम | ६००००० | सेवा सम्बन्धी भरपाई पेश नभएको । |
| ९०÷०७७।१२।२७ | MEDPA | गरीबी निवारणका लागि लघु उद्यम विकास तालिम | १६५६०० | कार्यपत्र पेश नभएको । |
| ९४÷०७८।१।१२ | | पोष्टमार्टम २० वटाको रु.१००० को दरले | २०००० | पोष्टमार्टम खुल्ने कागजात पेश नभएको । |
| ९४।०७८।१।१२ | | ६८ दिनको रु.१३४६ को प्रति दिनको दरले भुक्तानी भएको । | ९१५२८ | हाजिरी विवरण पेश नभएको। |
| १२६।०७८।३।६ | | सुनौलो हजार दिन कार्यक्रम | २०५१४० | कार्यक्रममा भएको वितरण भरपाई तथा पालिकाको अनुगमन प्रतिवेदन नभएको । |
| १३२।०७८।३।८ | गतिमान आयुर्वेद फार्मेसी, धनगढी | बिभिन्न आयुर्वेदिक सामाग्री | ४०८६४८ | सामाग्री बुझेको भरपाई नरहेको । |

| | | | | |
|---|---|---|---|---|
| १५६।०७८।३।२१ | | एडभान्स सीप विकास तालीम | ४८०००० | तालिमको कार्य योजना नभएको । |
| १५७।०७८।३।२१ | | कृषि उत्पादन पकेट कार्यक्रम | १५०००००० | कार्यक्रमको लागत अनुमान तथा कार्य योजना नभएको । |
| १४०।०७८।३।१२ | बिभिन्न विद्यालय | विद्यालय सुधार योजना समेत | २३५००५० | पालिकाबाट अनुदान निकास भई अनुगमन भएको प्रतिवेदन संलग्न नरहेको । |
| १६१।०७८।३।२२ | | पशुपंक्षीजन्य उत्पादन, उपयोग तथा प्रशोधन तालीम | १२७७५० | तालीमको कार्य योजना नभएको । |
| १६२।०७८।३।२२ | | बाल क्लब सचेतना कार्यक्रम | ८८२०० | कार्यक्रमको कार्य योजना नभएको । |
| | | पोषण सम्बन्धी सचेतना | ९०२०० | कार्यक्रमको कार्य योजना नभएको । |
| | | सरसफाई कार्यक्रम | ८२१४५ | कार्यक्रमको कार्य योजना नभएको । |
| १६८।०७८।३।२४ | | विविध कार्यक्रम | १०२६५७५ | कार्यक्रमको कार्य योजना नभएको । |
| १७३।०७८।३।२४ | | पटके विकास कार्यक्रम | १२०००००० | कार्यक्रमको कार्य योजना नभएको । |
| प्रकोप व्यवस्थापन कोष, चालुः | | | | |
| ४।०७७।५।३१ | | बाढी पहिरोलाई राहत तथा पुनःनिर्माण | ८९९१०० | राहत वितरणको पुष्टयाई, प्रतिवेदन तथा फोटोहरु नभएको । |

६७

**टुक्रा पारी खरिदः**

सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८ (२) बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले देहाय बमोजिमको सामाग्रीहरु टुक्रे खरिद गरी ऐनको व्यवस्था विपरीत पटक पटक एकै प्रकारका सामाग्री टुक्रा पारी फरक फरक फर्मसँग खरिद कार्य गरेको देखिएको छ । यसरी खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

| गो.भौ.नं.मिति | आपूर्तकको नाम | विवरण | परिमाण | दर | भ्याट सहित भुक्तानी रकम |
|---|---|---|---|---|---|
| नगरपालिका,चालु | | | | | |
| ३५-077/७/२४ | न्यू ग्लोबल कम्प्युटर | ल्यापटप | १ | १४१३५० | १४१३५० |
| ६५÷०७७।८।२४ | उग्रतारा ट्रेड सप्लायर्स | डेल ल्यापटप | २ | १०५९९९.६५ | २११९९९.३ |
| | | ल्यापटप | १ | १३९९९९.०९ | १३९९९९.०९ |
| | | एसर ल्यापटप | १ | १२५९९९.५२ | १२५९९९.५२ |
| ९७-077/९/२० | इन्टेल कम्प्युटर सेन्टर, धनगढी | ल्यापटप | ३ | ९५९४० | २८७८२० |
| | | प्रिन्टर | १ | ४५६३० | ४५६३० |
| | | डेस्कटप | १ | ८४२४० | ८४२४० |
| १४२-077/१०/२५ | माइक्रोप्लस प्रा.लि. | ल्यापटप | १ | १७२८०० | १७२८०० |
| | | क्यानन प्रिन्टर | १ | २५००० | २५००० |
| सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रम, चालुः | | | | | |
| ३२-077/८/२४ | इन्टेल कम्प्युटर सेन्टर | ल्यापटप | १ | ११३८९३.८० | ११३८९३.८० |
| | | प्रिन्टर | १ | १७३६०.१८ | १९६४६.०२ |
| प्रकोप व्यवस्थापन कोष, चालुः | | | | | |
| १११-07८/३/२२ | इमेजिङ्ग ट्रेडिङ्ग कन्सर्न | प्रिन्टर | १ | ३०००० | ३०००० |
| **जम्मा** | | | | | 1398378 |

६८

**सोझै खरीदः**

सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८ (२) बमोजिम खरीद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरीद गर्न नहुने व्यवस्था छ । ऐनको व्यवस्था बिपरीत यस वर्ष पालिकाबाट प्रतिस्पर्धा बेगर सोझै खरीद गरेको पाइयो । प्रतिष्पर्धा नगरी सोझो खरिद गर्ने कार्य नियन्त्रण हुनु पर्दछ ।



https://nams.oag.gov.np

| गो.भौ.नं.मिति | खरीद गरेको फर्म | सामानको विवरण | मू.अ.कर सहितको रकम रु. |
|---|---|---|---|
| २२÷०७७।७।१३ | न्यू त्रिवेणी पुस्तक सदन | कार्यालय सामाग्री | ३०२८४० |
| ६२÷०७७।८।२४ | बैष्णबी इन्टरप्राइजेज | कार्यालय सामाग्री र कम्प्युटर तथा कार्टेज समेत | ६४४८६० |
| १०२÷०७७।९।२२ | जे.पी.कम्प्युटर एण्ड स्टेशनरी सेन्टर | कार्यालय सामाग्री कार्टेज समेत | ९८२५० |
| ३२१÷०७८।३।१५ | जगन्नाथ छापाखाना | कार्यालय सामाग्री | ४३१७७० |
| जम्मा | | | १४७७७२० |

६९

**महङ्गी भत्ताः**

करारको कर्मचारीलाई निर्णय र करार सम्झौतामा तोकिएको सेवा सुबिधा भन्दा बढी सुबिधा भुक्तानी गर्न मिल्दैंन् । पालिकाले यकीन र ठोस आधार प्रमाणबाट मात्र महङ्गी भत्ता दिनु पर्नेमा आ.व. २०७५।०७६ को कार्यपालिकाको निर्णयलाई आधार मानी आ.व. २०७७।०७८ मा पनि करारका कर्मचारीलाई महङ्गी भत्ता दिने निरन्तरता भनी पालिकाले देहायका रु. २००० को दरले प्रति महिना भुक्तानी गरेको पाइयो । आ.व. २०७७।०७८ को निर्णयमा उल्लेख नभएको भुक्तानी भएको महङ्गी भत्ता रु. १६२०००० भुक्तानी गरेको देखिएको छ । करार सेवामा कर्मचारी भर्ना गर्दा प्रत्येक वर्ष सम्झौता गरिनु पर्दछ ।

| क्र.सं. | कर्मचारी संख्या | विवरण | दर | महिना | जम्मा |
| --- | --- | --- | --- | --- | --- |
| नगरपालिका,चालु | | | | | |
| १ | ४० | विभिन्न पदका करार ४० जना | २००० | १२ | ९६०००० |
| २ | १५ | बिभिन्न अ.हे.व., अ.न.मी., का.स. तथा स्वीपर पदका १५ जना कर्मचारी | २००० | १२ | ३६०००० |
| ३ | १ | जनक बहादुर बोहरा (का.स.) | २००० | १२ | २४००० |
| सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रम, चालु | | | | | |
| ४ | ५ | स्वास्थ्यतर्फका बिभिन्न अ.हे.व.र का.स. पदका ५ जना कर्मचारी | २००० | १२ | १२०००० |
| ५ | २ | आयुर्वेदतर्फका बिभिन्न पदका २ जना कर्मचारी | २००० | १२ | ४८००० |
| ६ | २ | सहजकर्ता २ जना चोथौ तहका | २००० | १२ | ४८००० |
| ७ | ३ | ना.प्र.स.प्राविधिक ३ जना | २००० | ६ | ३६००० |
| ८ | २ | करारका २ जना सहजकर्ता | २००० | १२ | २४००० |
| जम्मा | | | | | १६२०००० |

७०

**करार कर्मचारीलाई भत्ता भुक्तानीः**

करारको कर्मचारीलाई निर्णय वा करार सम्झौतामा तोकिएको सेवा सुविधा भन्दा बढी सुविधा भुक्तानी गर्न मिल्दैंन् । नगरपालिकाले करारमा कार्यरत कर्मचारीलाई सम्झौतामा महङ्गी भत्ता र स्थानीय भत्ता भुक्तानी गर्ने उल्लेख नभए पनि नगरसभाले निर्णय गरी निम्नानुसार करारमा कार्यरत कर्मचारीलाई महङ्गी भत्ता र स्थानीय भत्ता भुक्तानी गरेको पाइयो । सम्झौतामा उल्लेख नभएतापनि सभाले निर्णयगरी भुक्तानी गरेको महङ्गी भत्ता र स्थानीय भत्ता रु. 165720 लाई नियमित गर्नु पर्ने रु.

| क्र.सं. | कर्मचारी | विवरण | दर | जम्मा भत्ता रु. |
| --- | --- | --- | --- | --- |
| १ | उपेन्द्रराज रेग्मी | आ.व.2077/78 को | स्थानीय भत्ता रु.११८१० र महङ्गी भत्ता रु. २००० का दरले | 165720 |

**कार्यालयको प्रतिकृया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु १६५७२०.० मिति २०७८/०९/२ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्साइएको हो ।**

७१

**नगर शिक्षकः**

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) बमोजिम स्थानीय तहलाई दिएको शिक्षा सम्बन्धी अधिकारमा नगरपालिकालाई विद्यालयमा दरबन्दी सिर्जना गर्ने तथा शिक्षक नियुक्ती गर्ने अधिकार दिएको देखिदैंन । नगरपालिकाले बिभिन्न विद्यालयमा आफैं दरबन्दी सिर्जना गरी 49 जना नगर शिक्षक र 14 जना नगर ईसिडि नियुक्त गरी नगरपालिका चालु शिर्षकबाट जम्मा रु. 1,35,००,००० खर्च लेखेको छ । तसर्थ, नियमको पालना हुनु पर्दछ । | |
| ७२ | | | **प्रतिलिपिको आधारमा भुक्तानीः**<br>११६।०७७।१०।२, प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७ (३) मा खर्च गर्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । पालिकाले सवारी साधन मर्मत खर्च बापत बालाजु अटो वर्कस प्रा.लि.सँग प्रतिलिपिको आधारमा रु. ६६७६२.८४ भुक्तानी गरेकोमा सक्कल बील भरपाई पेश हुनुपर्ने रु. | ६६,७६२.८४ |
| ७३ | | | **सामाग्री खरिदः**<br>१५९।२०७७।११।६, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) (ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी पाँच लाख रुपैयाँ भन्दा बढी रकमको एकै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नसकिने उल्लेख छ । यस पालिकाले मिति २०७७।११।६ मा गजानन काठ फर्निचर उद्योगबाट वि.नं. 13 बाट रु. 472622.50 र वि.नं. 87 बाट रु. 341260 गरी जम्मा रु. ८१३८८२.५ बराबरको फर्निचर खरिद गरेको पाइयो । नियमावलीको व्यवस्था विपरीतको कार्य नियम सम्मत नभएको रु. | ८१३,८८२.५ |
| ७४ | | | **सफ्टवेयरको लागत अनुमानः**<br>सार्वजनिक खरिद ऐन, 2063 को दफा 5 बमोजिम एक लाख रुपैया भन्दा माथिको खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले (सूचना प्रणाली) योजना व्यवस्थापन प्रणाली सफ्टवेयर एक तथा एपलिकेशन सफ्टवेयर एक गरी दुईवटा सफ्टवेयर खरिद गरे बापत रु. ९१८२०४ भुक्तानी गरेकोमा सो को लागत अनुमान तयार पारेको छैन्। लागत अनुमान बिना भुक्तानी भएको कार्य नियन्त्रण हुनु पर्दछ ।<br><br>**भौ.नं.र मिति** / **विवरण** / **भुक्तानी रकम रु.**<br>१९७।०७७।१२।१२ / (सूचना प्रणाली) योजना व्यवस्थापन प्रणाली सफ्टवेयर / ४२००००<br>३५२।०७८।३।२२ / एपलिकेशन सफ्टवेयर / ४९८२०४<br>जम्मा / / ९१८२०४ | |
| ७५ | | | **विद्यालय अनुगमन तथा बैठक भत्ताः**<br>२६५।०७८।१।२८, सुदूरपश्चिम प्रदेशले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धी ऐन, २०७५ को दफा १२ बमोजिम यस ऐनमा उल्लेख गरेको सुबिधा भन्दा बढी सुबिधा लिन नपाउने व्यवस्था रहेको छ । यस पालिकाका पदाधिकारीहरु समेतले पालिकाको बिभिन्न विद्यालयहरुको अनुगमन गरे बापत कर कट्टी पछि भुक्तानी भएको भत्ता रु. ७०१२५ तथा बैठक बसे बापत कर कट्टि पछि खर्च लेखेको भत्ता रु. ३१४५० गरी जम्मा अनुगमन तथा बैठक भत्ता सम्बन्धितबाट असूल हुनुपर्ने रु. | ३१,४५० |
| ७६ | | | **शीर्षक फरक पारी खर्चः**<br>अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ (२) अनुसार शशर्त अनुदान प्राप्त गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्न सक्नेछ र सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी बजेट शीर्षक अनुसार खर्च लेखाङ्कन गर्नु पर्दछ । पालिकाले सर्शत चालुतर्फको तलब रु.५३१७१४.३९ खर्च देहाय बमोजिम | ५३१,७१४.३९ |

| | | | | |
|---|---|---|---|---|
| | | | नगरपालिका चालुबाट गरेको पाइयो । अतः उक्त खर्च रकम नियमित गर्नुपर्ने रु.<br><br>\| भौ.नं.र मिति \| विवरण \| रकम \|<br>\| २९८।०७८।३।७ \| आषाढ महिनाको नपुग तलब करारका २८ जना कर्मचारीहरुको \| ५३१७१४.३९ \|<br>\| जम्मा \| \| ५३१७१४.३९ \| | |
| ७७ | | | **अतिरिक्त समय बापत भुक्तानीः**<br>अतिरिक्त सेवा गरे बापत स्वास्थ्यका कर्मचारीहरुलाई डिउटी रोष्टरको आधारमा देहाय बमोजिम खर्च भएको छ । यसरी खर्च लेख्दा अतिरिक्त समयमा कामकाज गरेको डिजिटल हाजिरी प्रमाणित गरेर मात्र यस्तो खर्च लेख्नुपर्दछ । | |
| ७८ | | | **भ्रमण खर्च :**<br>सुदुरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br><br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको । | |

Table for item ७७:

| गो.भौ.नं.र मिति | विवरण | खर्च रकम रु. |
|---|---|---|
| नगरपालिका, चालुः | | |
| ३५५।०७८।३।२२ | डिउटी रोष्टर (अतिरिक्त समय काम गरे बापत) | २०४५९२ |
| सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रम, चालुः | | |
| ५४।०७७।१०।७ | डिउटी रोष्टर (अतिरिक्त समय काम गरे बापत) | ९१५२८ |
| १४७।०७८।३।१८ | स्वास्थ्यतर्फका नर्सिङ्ग समूहको कर्मचारीहरुले अतिरिक्त समयमा काम गरे बापत | २४४३१० |
| १५०।०७८।३।१८ | नाइट डिउटी खाजा भत्ता | १०९५०० |
| १५१।०७८।३।१८ | स्वास्थ्यतर्फका कर्मचारीहरुले रातीको समयमा नाइट डिउटी गरे बापत | ५४७५० |
| जम्मा | | ७०४६८० |

| | | | | |
|---|---|---|---|---|
| | | | • स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ७९ | | | **भ्रमण अभिलेख एवं प्रतिबेदनः**<br>भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च बापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित पालिकाले अनुसूची–६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । पालिकाका बिभिन्न कर्मचारीले बिभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण बील अनुसार बजेट खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन् । एउटै गोश्बारा भौचरबाट अनुगमन तथा मुल्याँकन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण/अनुगमन प्रतिबेदन बेगर तेरिज तयार नगरी खर्च लेखेको, एकै दिन गएर फर्कन सक्ने स्थान समेतको दैनिक भ्रमण भत्ता रु. ४८३६९५ भुक्तानी गरेको नियमित देखिएन । नियमावलीमा उल्लेख भए बमोजिम भ्रमण प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्ने र एकैदिन जान आउन सकिने स्थानमा बास बस्ने गरी काज खटाउने कार्यमा नियन्त्रण गर्नु पर्दछ । | |
| ८० | | | **घर भाडाः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ (१) अनुसार क्षेत्रिय र जिल्ला स्तरको सार्वजनिक निकायको हकमा त्यस्तो निकाय र जिल्ला प्रशासन कार्यालय जिल्ला विकास समिति र को. ले. नि. का. को सूचना पाटीमा कम्तिमा ७ दिनको अवधिको सूचना टाँस गरी भाडाको प्रस्ताव माग गर्नु पर्ने र उपनियम ४ अनुसारको घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा घर भाडा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले बिभिन्न वडा कार्यालय लगायत अन्य कार्यका लागी घरभाडा बापत रु. १५०२५००। भुक्तानी गरेको देखियो । घर भाडामा लिदा घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा मात्र लिनु पर्दछ । | |
| ८१ | | | **लगत इष्टमेट तथा स्पेसिफिकेसन बेगर खरिदः**<br>सार्वजनिक खरिद ऐन, २०६३ को नियम ४(१) अनुसार सार्वजनिक निकायले मालसामान निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्बन्धि स्पेसिफिकेसन योजना नक्सा डिजाइन विषेश आवश्यकता वा अन्य विवरणहरु तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्षको अन्तमा बिभिन्न स्वास्थ्य सामग्रीहरु वासिङ मेसिन इसिजि मेसिन पेसेन्ट मनिटर र एनालाइजर लगायतका सामग्रीहरु रु. १२,५१,७०७। मा खरिद गरेको देखियो । यसरी खरिद गर्नु पूर्व लगत इष्टमेट उक्त सामग्रीहरुको स्पेसिफिकेसन बेगर नै खरिद गरेको देखिएकोले यसरी नियम विपरीत खरिद गरी भुक्तानी गरेको रकम अनियमित देखिएको रु. | १,२५१,७०७ |
| ८२ | | | **खर्चको प्रमाणः**<br>भौ.नं. ७७।२०७७।१२।६, प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७ (8) अनुसार कुनै रकमको भुक्तानी गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। नगरपालिका क्षेत्रभित्रका सामुदायिक विध्यालयहरुमा कक्षा ६ देखि १२ सम्मका अध्ययनरत छात्राहरुका लागि निःशुल्क सेनेटरी प्याड व्यवस्थापन कार्यक्रमका लागि उक्त सामग्री वितरण गर्न पालिकाले यस वर्ष २८०२३ थान प्रति प्याकेट रु. ६० का दरले खरिद गरी मु. अ. कर समेत रु. १८९९९५९। गितास्विनी फर्मास्युटिकल्सलाई भुक्तानी गरेको छ । उक्त सामग्रीहरु बिभिन्न १४ वटा विद्यालयहरुलाई हस्तान्तरण फाराम बेगर नै स्कुलले बुझेको भर्पाइको आधारमा खर्च लेखेको छ । खरिद गरिएका २८०२३ प्याकेट मध्ये १७००० प्याकेट मात्र वितरण गरेको भर्पाइ पेश हुन आएकोले हस्तान्तरण फाराम सहित वाँकी ११०२३ को प्रति प्याकेट रु. ६० का दरले हुने रु. ६६१३८०।को वितरण गरेको भर्पाइ पेश हुनुपर्ने देखिएको रु.<br><br>**कार्यालयको प्रतिकृया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु ६६१३८०.० मिति २०७८/०९/२ मा फछ्यौंट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्साइएको हो ।** | |

| | | | | |
|---|---|---|---|---|
| ८३ | | | **स्वयंसेवक भत्ता**<br>भौ.नं. १२१।२०७८।३।२७, प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७ (8) अनुसार कुनै रकमको भुक्तानी गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले लकडाउनको समयमा ७५ दिनसम्म स्वयंसेवकको भूमिका निर्वाह गरे बापत ४ जनालाई पारिश्रमिक रु. १५००००। भुक्तानी गरेकोमा सो खर्च लेख्न पाउने आधार पेश गर्ने अन्यथा उक्त रकम दाखिला गर्नु पर्ने देखिएको रु | १५०,००० |
| ८४ | | | **ढुवानी खर्चः**<br>प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७ (8) अनुसार कुनै रकमको भुक्तानी गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले संघीय सशर्त चालु कार्यक्रमवाट बिभिन्न औषधी लगायत उपकरणहरु खरिद गरी कमलाइन्टरनेशनल वागेश्वरीलाइ रु. ५५५४२९।र डि.वि. मेडिसिन सेन्टर धनगढीलाई रु.२४९७३। समेत रु. ५८०४०२।भुक्तानी गरेकोमा यसका अतिरिक्त हिमालिका कार्गो सेवालाई रु. २८५१६२।समेत भुक्तानी गरेको छ । यसरी औषधी तथा औषधीजन्य उपकरणहरुमा गरिने खर्च वाहेक ढुवानी भाडा समेत समावेश गरी बीलको आधारमा खर्च लेखेको देखिएकोले उक्त ढुवानी बापत भुक्तानी गरेको रु. २८५१६२।अनियमित देखिएको रु. | २८५,१६२ |
| ८५ | | | **सामाजिक सुरक्षातर्फः**<br>**सामाजिक सुरक्षातर्फ बढी निकासाः** – सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै चौमासिकमा एकै व्यक्तिको नाममा दोहोरो निकासा हुने गरी दोहोरो खर्च लेखेको, मृत्यू भइसकेका लाभग्राहीको लगत कट्टा नगरी बढी खर्च गरेका छन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् | |
| ८५.१ | | | सामाजिक सुरक्षा सन्चालन कार्यविधि, २०७५ को १३ नामदर्ता र नविकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानिय तहले फाल्गुण मसान्तभित्र विभागले सन्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली एम. आई. एस.मा अनिवार्य रुपमा प्रविष्टि गर्नु पर्नेमा सो गरेको पाइएन । कार्यविधिको पालना गरिनु पर्दछ । | |
| ८५.२ | | | **वैंक मार्फत् भत्ता वितरणः** सामाजिक सुरक्षा सन्चालन कार्यविधि, २०७५ को १६ (घ) बैंकिङ्ग प्रणाली मार्फत् सामाजिक सुरक्षा वितरणमा नगई सकेको स्थानीय तहको हकमा सम्बन्धित वडा समितिको रोहवरमा भत्ता रकम वितरण गर्नु पर्ने व्यवस्था छ । गाउंपालिकाले यो वर्ष सवै वडाको वैकिंग प्रणाली मार्फत् सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखिएन । वैकिंङ्ग प्रणाली मार्फत् सामाजिक सुरक्षा भत्ता वितरण गरिनु पर्दछ । | |
| ८५.३ | | | **लाभग्राहीको नाम नविकरणः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को दफा ७ को उपदफा (१) मा भत्ता प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहीहरुले आगामी आ.व.मा पनि भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ६ मा उल्लेखित समयावधि भित्र सम्वन्धित गाउँपालिका वा नगरपालिकामा दरखास्त दिनु पर्ने व्यवस्था छ । सो कार्यविधिको उपदफा (२) मा यसरी नविकरण नगर्ने लाभग्राहीले पछिल्लो आ.व.मा भत्ता नपाउने समेत उल्लेख गरेकोमा यस नगरपालिकाले सोको परिपालना गरेको पाइएन । कार्यविधिको पालना गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| ८५.४ | | | वितरित भत्ता जसले पाउनु पर्ने हो सोही व्यक्तिले नबुझि अन्य व्यक्तिले बुझेकोमा समेत भत्ता भुक्तानी गरिएको छ । जसले गर्दा सम्बन्धित व्यक्तिले पाए नपाएको | |

यकिन गर्न सकिएन । यस सम्बन्धमा पालिकाले नै छानबीन गरी यकिन गर्नु पर्दछ । उदाहरणार्थ निम्नानुसार समावेश गरिएको छ ।

| प. प. नं. | पाउनु पर्नेको नाम | बुझ्ने व्यक्ति | वितरित भत्ता रु. |
|---|---|---|---|
| २००२०३१००१७९९ | अषाढी सार्की | रत्न | १२००० |
| २००५०२०४००९१४ | कला सार्की | रत्न | १२००० |
| २००५०७१००३७५७ | कार्तिक वोहोरा | रविन्द्र | १२००० |
| १९९७१२३१०३७७८ | काल्चे रोकाया | टेक | १२००० |
| १९९७०३१४००४८५ | गोरख रोकाया | रविन्द्र | १२००० |
| २००५०२२००१५६१ | लेड गिरी | नखुल्ने हस्ते | १२००० |
| २००५०५२३०००७३ | आउका सार्की | लक्ष्मी सार्की | १२००० |
| १९९९०७१६००२७६ | गोरे भण्डारी | माया भण्डारी | १२००० |
| १९९२०२१८००४०१ | जंगसुर सार्की | चक्रवहादुर कार्की | १२००० |
| २००७०१०४०४०३९ | जयकला कार्की | मानवहादुर | १२००० |

८५.५ उपरोक्त वाहेक अन्य वडाहरुमा समेत यस प्रकारको अवस्था विध्यमान रहन सक्ने देखिएकोले पालिकाले नै छानविन गरी असूल गर्नु पर्दछ । सामाजिक सुरक्षा भत्ता वितरणको वार्षिक विवरण प्रमाणित गरी राख्ने गरेको देखिएन । दोश्रो र तेश्रो चौमासिकमा वडा अनुसारको निकासा तथा खर्च विवरण माग गरिएकोमा अभिलेख नराखेको कारण उपलव्ध नगराइ एकमुष्ट निकासा तथा खर्चको विवरण पेशहुन आएकोले बैंकले पेश गरेको विवरणलाइ आधार मानि परीक्षण गरिएको छ । मुलदर्ता किताव पेश हुन नआएको एवं पेश गरीएको लगत प्रमाणित गरीएको छैन जस्ले गर्दा वितरित भत्तावापत भएको खर्चको अभिलेख यथार्थ परक छ भन्ने अवस्था रहेन । यसतर्फ नगरपालिकाले नै यकीन गरि छानबीन गरिनु पर्दछ ।

८६ **विपद् व्यवस्थापनः**

**समिति गठनः**- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिए बमोजिमको समिति गठन गरेको र समिति गठन भए तापनि बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिए बमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनु पर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ८७ | | | **कार्य योजनाः**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम ९८० मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद कार्यकारी र प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे र नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने र गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु र गराउनु पर्दछ । | |
| ८८ | | | **विपद् व्यवस्थापन कोषः**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३ (१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको रु. १५२४७२१.७० मौज्दात रहेकोमा रु. १४५००००० आम्दानी भई रु. १४९०७२१६.८८ खर्च गरी रु. १११७५०४.८२ बाँकी रहेको देखिन्छ । आफ्नै कार्यविधि बनाई यो वर्ष खर्च गरेकोमा ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ८९ | | | **पि.सि.आर.प्रयोगशालाः**<br>जिल्ला प्रशासन कार्यालय,बाजुराको च.नं.3388 मिति 2078/2/9 को पत्र बमोजिम मिति 2078/2/6 को समन्वय बैठकबाट जिल्लामा पि.सि.आर. प्रयोगशाला सञ्चालन गर्न जिल्ला स्तरमा एउटा कोषको स्थापना गर्ने र उक्त कोषमा सवै स्थानीय तहले रु.10 लाख मध्ये कम्तिमा 60 प्रतिशत ६ लाख रकम जेष्ठ १५ गते भित्र र बाँकी ४० प्रतिशत ४ लाख रकम 2078 भाद्र मसान्त भित्र जिल्ला विपद व्यवस्थापन समितिको खातामा जम्मा गर्ने निर्णयको आधारमा यस पालिकाले रु.6 लाख मिति 2078/3 /10 गते जिल्ला विपद व्यवस्थापन समितिको खातामा जम्मा हुने गरी रकम पठाएको छ । जिल्ला प्रशासन कार्यालयको निर्णय बमोजिम जिल्लामा लेखापरीक्षण अवधि 2078 आश्विन १५ गते सम्म पि.सि.आर. प्रयोगशाला सञ्चालनमा आएको छैन्। पालिकाबाट पठाएको रकम जिल्ला प्रशासन कार्यालय अन्तरगत विविध खातामा रहि रहेको छ। जिल्लामा पि.सि.आर. प्रयोगशाला सञ्चालनमा नआएको खण्डमा उक्त रकम फिर्ता गर्नुपर्ने रु. | ६००,००० |
| ९० | | | **वार्षिक प्रतिवेदनः–**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ९१ | | २०७९-१-२७ | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः**<br>स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छः<br>:<br>पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु, गराउनु र अभिलेख राख्नु पर्दछ । | |
| ९२ | | | **कोभिड १९ तर्फः** | |



https://nams.oag.gov.np

कोरोना कोषबाट स्वास्थ्य सामग्री लगायत आवश्यक स्वास्थ्य सामग्री खरिद गर्न रकम रु. २० लाख उपलब्ध गराइ प्राथमिक स्वास्थ्यकेन्द्र कोल्टीले स्वास्थ्य सामग्री खरिद गरेकोमा निम्न व्यहोरा देखियो ।

९२.१ वासिगं मेसिन १ को रु. २ लाखमा खरिद गरी हस्तान्तरण गरेकोमा उक्त सामान प्रयोगमा नआइ थन्किएको अवस्थामा रहेको छ ।

९२.२ एनालाइजर मुल्य रु. २ लाख ७५ हजार इसिजि मेशिन मुल्य रु. २ लाख ५० हजार लगायतका पेसेन्ट मनिटर अटोक्लेभ मेसिन आदी खरिद गरेकोमा सोको लागत अनुमान तयार नगरि स्पेसिफिकेशन समेत तयार नगरी आर्थिक वर्षको अन्यमा आइ खरिद गरिनुले तोकिएको काममा वजेट खर्च नगरिनुले सहि सदुपयोग भएको छ भन्ने अवस्था रहेन ।

९३ **पेश्की बाँकीः**

आर्थिक वर्षको अन्तमा बाँकि रहको देहाय बमोजिमको पेश्की प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ नियम ७४ तथा सार्वजनिक खरिद नियमवली, २०६४ को नियम ११३(५) बमोजिम असूल फछ्र्यौट गर्नुपर्दछ ।

| क्र.सं. | शिर्षक | पेश्की लिने व्यक्ती फर्म | विवरण | रकम रु | |
|---|---|---|---|---|---|
| **1.** | पुजिगत | थोदुङ्ग एच टि सि जेभि | नगरपालिका भवन | 5075731.18 | |
| **2.** | | प्रशंसा निर्माण सेवा | काप्कोट कुरु सडक | 150000 | |
| **3.** | | के एन के ईन्जिनियरीङ्ग | वन तथा वातावरण संरक्षण | 248000 | |
| **4.** | | कम्युनिटि रिसोर्ट म्यानेजमेन्ट प्रा.ली. | सेवा र परामर्श खर्च | 550000 | |
| | | जम्मा | | 6023731.18 | |

९४ **आन्तरिक लेखापरीक्षणः** ४३,०००

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२)मा ले स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । कार्यालयले सबै प्रकारको आय र व्ययको आन्तरिक लेखापरीक्षण गराई प्रतिबेदन लेखिएका व्यहोरा अन्तिम लेखापरीक्षण अगावै फछ्र्यौट गराई अन्तिम लेखापरीक्षणको लागि श्रेस्ता पेश गर्नु पर्नेमा कार्यालयले ब.उ.शि.नं.33650114, 336001023, 365001043र 314010123 को मात्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरीक लेखापरीक्षण गरेको देखिन्छ । आन्तरीक लेखापरीक्षणबाट कायम निम्नानुसारको बेरूजु अन्तिम लेखापरीक्षणको अवधि सम्म असूल फछ्र्यौट नगरीएको ले असूल पछ्र्यौट गर्नु पर्दछः ।

:

**स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९, ५६ र 57 मा बील भरपाईको आधारमा लेखा राख्नु पर्ने व्यवस्था छ । कन्टिन्जेन्सी खर्च बाट कुलबहादुर थापालाई सवारी मर्मत वापत रु. 1,55,000 भुक्तानी गर्दा रु.1,12,000/- मात्र विल भरपाई संलग्न गरेकोले बाँकि रु. ४३,०००/- को विल भरपाई पेश गरी नियमित गर्नु पर्ने रु.

९५

अनुगमन तथा सम्परीक्षणः–

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४ (२) (घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजू निम्नानुसार रहेको छ ।

। (रु.हजारमा)

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष सम्परीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| ११९१९७ | ० | ११९१९७ |

यस वर्ष नगरपालिकाले निम्नानुसारको बेरुजू सम्परीक्षणको लागि पेश गरेको छ ।

| सि.नं. | आ.व. | वेरुजु दफा नं | वेरुजूको संक्षिप्त व्यहोरा | फछ्र्यौट को आधार | सम्परीक्षण |
|---|---|---|---|---|---|
| १ | 2075/76 | 64 | प्रशासकिय भवन पेश्की थोदुङ्ग एच टि सि जेभि को रु. 1,30,00,000।- | रु.७९,२४,२६८.८२को पेश्की फछ्र्यौट गरेको भौचर, रनिङ्ग विल र भ्याट विलको पेश । | ७९२४२६८.८२ |
| | | 64 | सामुदायिक स्वास्थ्य ईकाई केन्द्र नौलाकोट र कोटिलाको पेश्की रु.24,00,000/- | रु. 24,00,000/- को पेश्की फछ्र्यौट गरेको भौचर, रनिङ्ग विल र प्रमाण विलको पेश । | 2400000 |
| | 2074/75<br>75/76 | 31,37,39(७४/७५)<br>45(७४/७५) | नपाउने भत्ता वितरण गरेको असूल गर्नु पर्ने रु.1,58,701/-<br>कृष्ण प्रसाद जैसी रु.4723<br>गंगाबहादुर शाही रु.18451<br>देउमा धामी रु. 8886<br>जनकला गिरी रु.18451<br>विर बहादुर बोहोरा रु.18451<br>नरपता बोहोरा रु.18451<br>माया तिमिल्सेना रु.8285<br>जसे लोहार रु.18724<br>केशबराज गिरी रु.9014<br>लोकेन्द्र प्रसाद जैसी रु.7862<br>शान्ता रेग्मी रु.18451<br>प्रमिला विष्ट रु.8952 | जम्मा रु. 1,58,701/- बेरुजू दाखिला भएको भौचर पेश । | 158701 |
| **जम्मा** | | | | | 10482969.82 |

९६ अद्यावधिक बेरुजूः

यस पालिकाको २०७७।७8 सम्मको फछ्यौट गर्न बाँकी बेरुजूको स्थिति देहायअनुसार रहेको छ

(रु.हजारमा)

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष सम्परीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | सम्परीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
| --- | --- | --- | --- | --- |
| ११९१९७ | ० | ३११७७ | 0 | १५०३७४ |